# बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर

बागमती प्रदेश , नेपाल

९८५५०७२०७२
९८५५०८८४६६


पत्र संख्या : २०७७/७८
चलानी नं. ६२१

मिति : २०७७/०८/१२

विषय : प्रस्ताव पेस गर्ने सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु,
बागमती गाउँपालिका, मकवानपुर ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७७/०८/०९ गतेको बैठकको निर्णयानुसार संघीय सरकारबाट प्राप्त शिक्षाको कार्यक्रम अन्तर्गत तपसिलका शीर्षकको कार्यक्रमहरु संचालन गर्न विद्यालयहरु संग प्रस्ताव माग गर्ने निर्णय भए बमोजिम उक्त कार्यक्रम संचालन गर्न इच्छुक विद्यालयहरुले वि.व्य.स. को निर्णय सहित मिति २०७७/०८/२६ गतेभित्र यस कार्यालयमा प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ ।

तपसिल

| क्र.सं. | कार्यक्रमहरु | परिमाण | इकाई लागत | प्रस्ताव पेस गर्न सकिने | कैफियत |
|---|---|---|---|---|---|
| १ | WASH शौचालय निर्माण अनुदान (छनोट भएका विद्यालय ) | ३ | प्रति विद्यालय रु. ७ लाख | आधारभूत तह (६-८) र मावि तहले मात्र | |
| २ | तोकिएको सुचांकको आधारमा कार्यसम्पादन गर्ने विद्यालयहरुलाई कार्य सम्पादनका आधारमा आधारित अनुदान (छनोट भएका विद्यालय) | ६ | प्रति विद्यालय वार्षिक रु. ५० हजार | सबै सामुदायिक विद्यालयहरु | |
| ३ | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढिकारण अनुदान (छनोट भएका विद्यालय) | १ | प्रति विद्यालय वार्षिक रु. २ लाख | आधारभूत तह (६-८) र मावि तहले मात्र | |
| ४ | शिक्षकको शिक्षण समयमा विताउने समयावधि सुधार योजना कार्यान्वयनका लागि विद्यालयलाई अनुदान(सबै विद्यालय) | ५० | प्रति विद्यालय वार्षिक रु. २ हजार | आधारभूत तह मावि तहले मात्र | |
| ५ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान (फर्निसिङ, किताब खरिद तथा ई-पुस्तकालय समेत) (छनोट भएका विद्यालय) | १ | प्रति विद्यालय वार्षिक रु.६ लाख ५० हजार | मावि तहले मात्र | |
| ६ | शिक्षण सिकाइमा ICT को प्रयोग (कम्प्युटर, इन्टरनेट कनेक्टिभिटी इक्युपमेन्ट खरिद तथा kits खरिद) (छनोट भएका विद्यालय ) | १ | प्रति विद्यालय वार्षिक रु.६ लाख ५० हजार | आधारभूत तह (६-८) र मावि तहले मात्र | |


Email : bagmatimunmakwanpur@gmail.com, bagmatimunmakwanpur.edu@gmail.com
Website : www.bagmatimunmakawanpur.gov.np


प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश , नेपाल
९८५५०७२०७२
९८५५०८८४६६

| क्र.सं. | कार्यक्रमहरु | परिमाण | इकाई लागत | प्रस्ताव पेस गर्न सकिने | कैफियत |
|---|---|---|---|---|---|
| ७ | माध्यमिक विद्यालय विज्ञान प्रयोगशाला अनुदान (छनोट भएका विद्यालय ) | १ | प्रति विद्यालय वार्षिक रु.६ लाख ५० हजार | आधारभूत तह (६-८) र मावि तहले मात्र | |
| ८ | गणित, विज्ञान र अंग्रेजी विषयको लागि क्रियाकलापमा आधारित सामग्री kits खरिद अनुदान (छनोट भएका विद्यालय | १ | प्रति विद्यालय वार्षिक रु. ५० हजार | आधारभूत तह (६-८) ले मात्र | |
| ९ | नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान | १ | १ करोड ५० लाख | (नमुना छनोट भएको विद्यालय - श्री जनता मावि, बागमती - ८,शान्तिपुरले मात्र ) | |

**संलग्न गर्नु पर्ने प्रस्तावनाको ढाँचा**

१. विद्यालयको पृष्ठभूमि, कार्यक्रमको परिचय, उदेश्य, विद्यालयको भौतिक तथा विद्यार्थी विवरण,
२. कार्यक्रमको औचित्य, प्राप्तिका आधारहरु,
३. विषयवस्तु र क्रियाकलापको विस्तृत विवरण,
४. कार्यक्रम संचालनको विधि, प्रक्रिया, ढाँचा, समयावधि,
५. कार्यक्रमबाट लाभान्वित हुने क्षेत्र तथा अपेक्षित उपलब्धी,
६. कार्यक्रम अन्तर्गत संचालन गरिने क्रियाकलापहरुको अनुमानित लागतको विस्तृत विवरण,
७. दिगोपनका आधार, प्रतिवद्धता, निष्कर्ष,

(नोट : माथि उल्लेखित कार्यक्रमहरु गत आ.व. मा शि.वि.स.तथा स.इ./गाउँपालिका तथा अन्य संघ/संस्थाबाट हालसम्म प्राप्त नगरेका, कार्यक्रमको लागि आवश्यक भौतिक पूर्वाधार भएका, विद्यार्थी संख्या धेरै भएका तथा कार्यक्रम कार्यन्वयन पुस्तिका आ.व.२०७७/७८ ले निर्धारण गरेको मापदण्डका आधारमा प्रस्ताव पेस गरें विद्यालयहरुलाई प्राथमिकीकरणमा राखिने छ। साथै प्रस्ताव गरिने कार्यक्रमहरु शै.स. २०७७ को विद्यालय सुधार योजनामा समेत उल्लेख भएको हुनु पर्ने छ। )

( रामप्रसाद सापकोटा )
प्रमुख प्रशासकीय अधिकृत

Email : bagmatimunmakwanpur@gmail.com, bagmatimunmakwanpur.edu@gmail.com
Website : www.bagmatimunmakawanpur.gov.np